नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निबारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय खाँदबारी, सङखुवासभा।

☎०२९-५६२१९६
फ्याक्स नः०२९-५६०१९६
ईमेलः khadbari@dolma.gov.np

प.स.२०८१/०८२(मुद्दा.)

मितिः २०८२/०३/०२

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला संखुवासभा हाल मकालु गाउँपालिका वडा नं. २ बस्ने टासी शेर्पाको नाती तेम्बा छेदर शेर्पाको छोरा ना.प्र.नं. १४८८ का रेञ्जे ओङगेल शेर्पाको नाउँमा साविक नम्बरी जग्गा दर्ता रहि तिरो तिरी भोगी चर्ची आएकोमा हाल सर्भे नापी कायम हुदाँ निम्न कित्ता जग्गा कायम भएकोमा मेरो नाममा दर्ता छुट भएकाले अरु कसैको हक नलाग्ने मेरो एकलौटी हकभोगको जग्गा रेञ्जे ओङगेल शेर्पाले मेरो नाममा दर्ता गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनि मिति २०८१/१०/२३ गते निवेदन दिएको हुदाँ मिति २०८२/०२/१४ को आदेशानुसार सर्वसाधरण जानकारीको लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ ।यस कार्यालयको सूचना पाटीमा-१, मकालु गा.पा. वडा नं.- २ को वडा कार्यालयमा-१, जिल्ला प्रशासन कार्यालय संखुवासभामा-१, जिल्ला समन्वय समितिको कार्यालय संखुवासभामा- १, टाँसी स्थानिय पत्रपत्रिकामा १ समेत प्रकाशित गर्ने काम भएको छ ।लेखिए बमोजिमको जग्गाको हकहिस्सा खाने निवेदक बाहेक अरु कोही नजिकको हकदार भए हकदावी गरी दर्ता गराउन यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लेखिए बमोजिमको जग्गाको हकहिस्सा खाने प्रमाण समेत राखी दरखास्त दिनुहोला । म्याद भित्र कसैको सबुद प्रमाण सहितको उजुरी पर्न नआएमा निवेदकको नाउँमा दर्ता भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपशिलः

| साविक गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल (व.मि.) | विरह | साविक दर्तावालाको नामथर |
|---|---|---|---|---|---|
| मकालु | ५ | ६७६ | ०२०२५ | तितेपाती | टासी लामा, जग्गाधनीको महलमा नाम रेञ्जो ओङगेल शेर्पा ना.प्र.नं. १४८८, बाबु तेम्बा छेदर, बाजे टासि, कैफियत महलमा १ नं. ए. क्याम्पको च.नं. १८३ मिति २०५१/०६/०९ को पत्रले धनिपूर्जा रोक्का उल्लेख भई फिल्डबुक कायम भएको जग्गा संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं. २ बस्ने ना.प्र.नं. १४८८ का रेञ्जे ओङगेल शेर्पाले मेरो एकलौटी नाममा दर्ता गरी पाउँ भनी निवेदन दिएकाले । |

कार्यालय प्रमुख